जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः ११, अंकः १५२ पृष्ठः ४ | २०८१ असोज २४ गते बिहीबार (Thursday 10 Oct. 2024) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## निर्माण व्यवसायीको ढिलासुस्तीले एक दशकमा पनि बनेन मालपोत कार्यालयको भवन



**मणिलाल विश्वकर्मा**

लहान, २३ असोज। ठेक्का सम्झौताअनुसार २०७४ सालमै निर्माण सम्पन्न भई सेवा सुचारु भइसक्नुपर्ने सिराहाको लहान नगरपालिका- ७ स्थित मालपोत कार्यालयको भवन निर्माण व्यवसायीको ढिलासुस्तीले नौ वर्ष बित्दा पनि अधुरो छ। ठेक्का सम्झौता भएको नौ वर्ष बित्दासम्म ठेकेदार कम्पनी मृत संजीवनीःगहिल सन्स कम्पनी प्रालि जेभीले कार्यालयको बाउन्ड्री, दुई तलाको ढलानसहित प्लास्टरर, भुइँतलाको झ्यालको फ्रेम र पहिलो तलाको झ्यालमा ग्रिल र दोस्रो तलामा सेटरिङ ठड्याएको छ।

सप्तरीको राजविराजस्थित सघन सहरी तथा भवन निर्माण आयोजनामार्फत ५ असार ०७२ मा मूल्य अभिवृद्धि करबाहेक दुई करोड ९१ लाख ८७ हजार दुई सय ३७ रुपैयाँ ३७ पैसामा ठेक्का लिएका निर्माण व्यवसायीले चौथोपटकको म्याद थपमा ०८१ पुस मसान्तभित्र निर्माण सम्पन्न गरिसक्नुपर्ने समयसीमा तोकिएको आयोजनाका साइट इन्जिनियर उदय चौधरीले जानकारी दिए।

उनका अनुसार असोज पहिलो हप्तासम्मको कामको प्रगति करिब ८० प्रतिशत छ। 'निर्माण व्यवसायीले तदरुकता देखाएको खण्डमा तोकिएको समयसीमाभित्र निर्माण सम्पन्न हुन्छ,' उनले भने, 'तर, विभिन्न बहाना देखाउँदै आलटाल गर्दै आएका छन्, पछिल्लोपटक थपिएको म्यादभित्र पनि निर्माण सम्पन्न नगरे कम्पनीलाई कालोसूचीमा राखिनुका साथै आवश्यक कारबाहीको प्रक्रियामा जान्छौं।'

## कमला नदी तर्न डुङ्गाकै भर



**धीरेन्द्रप्रसाद साह**

जनकपुर, २३ असोज। हुलाकी राजमार्ग अन्तर्गत कमला नदीमा यतिबेला जोखिम मोलेर डुङ्गाकै भरमा तर्नु परिरहेको छ। जनकपुरधामदेखि पूर्व सप्तरी र सिरहासहित पूर्व दिशाबाट हुलाकी राजमार्ग भएर आउने जोकोहीलाई कमला नदी तर्न डुङ्गाकै सहारा लिनु पर्छ। सिराहा र धनुषा जोड्ने यो नदीमाथि पुल निर्माण नहुँदा डुङ्गाको सहारामा नदी तर्नु परेको हो। डुङ्गामा मानिससँगै दुईपाङ्ग्रे सवारी मोटरसाइकल, साइलकसमेत राखेर तर्नु परेको मधेश प्रज्ञा-प्रतिष्ठानका सदस्य दिनेशकुमार यादवले बताउनुभयो। सप्तरी निवासी यादव कार्यक्षेत्र फर्किने क्रममा मोटरसाइकलसहित आफू डुङ्गामा तरेको बताउनुहुन्छ। खोलामा पानीको बहाब बढेको समयमा मोटरसाइकलसहित डुङ्गामा नदी तर्नु निकै जोखिम भए पनि अन्य विकल्प छैन। न लाइफ ज्याकेट न अन्य सुरक्षाको विकल्प नै।

**-बाँकी तीन पेजमा**

## महोत्तरीमा डकैतीका घटना बढे

**नगेन्द्रकुमार कर्ण**

महोत्तरी, २४ असोज। महोत्तरीमा चाडपर्व आगमनसँगै चोरी तथा डकैतीका घटना बढेको छ। एक दिनअघि मात्र जिल्लाको सम्सीमा डकैतीको घटना घटेको थियो। मंगलबार राति औरहीमा लुटपाटसँगै एक जनालाई घाइते बनाएका छन्। राति औरही नगरपालिका -१ बस्ने केवल साहको घरमा डाँकाहरुको एक समूहले लुटपाट गरेको छ। डाँकाहरुको प्रतिकार गरेका घरका सदस्यलाई कुटपिट गरेको पीडितको भनाइ छ। मध्यरातमा आधा दर्जनको संख्यामा प्रवेश गरेका डाँकाको समुहले घरबाट नगद, सुन चाँदीका गरगहना समेतगरी ५ लाख ९२ हजार ६ सय बराबरको धनमाल लुटेर लगेको पीडितले जनाएका छन्।

डाँकाहरुको प्रतिकारमा उत्रेका घरका सदस्य रञ्जित साहलाई उनीहरुले रड प्रहार गरी घाइते बनाएका छन्। अहिले घाइतेको उपचार औरही बजारमा रहेको राधाकृष्ण हस्पिटलमा भइरहेको र उहाँको टाउकोमा आठ टाँका लागेको स्थानीय युवा प्रेमबाबु यदुवंशीले

**-बाँकी दुई पेजमा**




**CITY TRADE CONCERN**
Hero Showroom Lahan-3, Global Bank को तल, पूर्व बस स्टेण्ड
Contact No. 033-565201, 565202, 9852831698




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 9801591693 | 9819784901

# सम्पादकीय

## सरकारले मेलम्चीवासीलाई अब नढाँटोस् !

यो वर्ष वर्षा नसकिँदै मेलम्चीको पानी काठमाडौं पठाउन थालिएको छ। यद्यपि, थोत्रा पाइप लाइन, वितरण प्रणालीलगायतका कारण उपत्यकाको खानेपानी आपूर्तिको समस्या यत्तिले मात्र समाधान भने नहुन सक्छ। बेलैमा मेलम्चीको पानी आपूर्तिको व्यवस्था मिलाउन यसपटक खानेपानीमन्त्रीले चासो लिएको देखियो। सम्भवतः मन्त्रीकै चासो र सक्रियताका कारण दसैंमा काठमाडौंवासीले मेलम्चीको पानी खान पाएका हुन्। स्थानीय मेलम्ची खानेपानी बाढीपीडित संघर्ष समितिले आफ्ना विभिन्न माग पूरा नभए पानी पठाउन नदिने चेतावनी दिएको थियो। यस्तै स्थितिमा विगतमा स्थानीयको विरोधका कारण पानी ल्याउन नसकिएको भन्दै सरकार पन्छकोसमेत उदाहरण छ। यसपटक भने मन्त्रीकै उपस्थितिमा खानेपानी मन्त्रालय, संघर्ष समिति र हेलम्बु गाउँपालिकाबीच सम्झौता गरेर पानी पथान्तरण गरिएको छ। अब वितरणमा देखिने समस्यालाई यति नै गम्भीरतासाथ लिइएमा उपत्यकाको खानेपानी समस्या धेरै कम हुनेथियो।

एक त उपत्यकाको खानेपानी वितरण प्रणाली भौतिकरूपमै कमजोर छ। अर्कोतिर, कर्मचारीहरूले जिम्मेवारी पन्छाउने र आलटाल गर्ने गरेर दुःख दिने गरेको गुनासो उपभोक्ताहरूले गर्नेगरेका छन्। सम्भवतः कर्मचारीको यो गैरजिम्मेवार चुनौती अबको सबैभन्दा ठूलो चुनौती हुनेछ। यस्तै अर्को चुनौती सम्झौताको कार्यान्वयन अर्थात् माग पूरा गर्ने क्रममा उपस्थित हुनेछ। विगतका उदाहरण हेर्ने हो भने सम्झौता गरिसकेपछि सरकारी पक्षले काम सकिएको ठान्ने गरेको देखिन्छ। अरू मन्त्रालय र निकायसँग सम्बन्धित र विशेषगरी आर्थिक दायित्व हुने बुँदाहरूको कार्यान्वयनमा कर्मचारीतन्त्रले सधैं नै आलटाल गर्ने गरेको छ। यसपटक मेलम्चीको सम्झौतामात्र अपवाद बन्ने बलियो आधार पनि देखिएको छैन। सरकारले फेरि ढाँट्यो भने स्थानीय बासिन्दाले पुनः आन्दोलन गर्न सक्छन्। अनि उही क्रम दोहोरिनेछ। यसैले समस्या दोहोरिन नदिने हो भने खानेपानीमन्त्री स्वयं सम्झौता कार्यान्वयन गराउन अग्रसर हुनुपर्छ। एकपटकमात्रै पनि अर्को आन्दोलन नगरी सरकारले आफूले गरेको प्रतिबद्धता पूरा गर्ने हो भने राज्यप्रति जनताको विश्वास पनि बढ्नेछ। कम्तीमा सरकारले जनतालाई ढाँट्ने गरेको शृंखलाको एउटा कडी त चुँडिनेछ।






## सांघातिक आक्रमण

रौतहट, २३ असोज। रौतहटमा अज्ञात हतियारधारी समूहले एक जना सुनचाँदी व्यवसायीमाथि सांघातिक आक्रमण गरेको छ। गएराति अज्ञात समूहले गढीमाई नगरपालिका-१ समनपुरका सुनचाँदी व्यवसयी चन्दन साह सोनारको टाउको र हातमा खुकुरी प्रहार भएको हो। घाइते सोनारलाई गरुडामा सामान्य उपचार पछि थप उपचारका लागि वीरगंजस्थित वयोधा अस्पताल पठाइएको छ। घाइते व्यवसायीकोअवस्था खतरा मुक्त रहेको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख दिलीप घिमिरेले घटनास्थलमा प्रहरीले खुकुरी १ थान र कटुवा पेस्तोल थान -१ फेला पारेको जानकारी दिए। घटनामा संलग्नहरूको खोजीकार्य भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

### महोत्तरीमा ...

जानकारी दिए। जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक सन्तुलालप्रसाद जैसवारले घटनाको पुष्टी गर्नुहुँदै थप अनुसन्धान भइरहेको जानकारी दिनुभयो। डकैती घटनामा संलग्न हुन सक्ने आशंकामा प्रहरीले विगतमा साहको मिलमा काम गर्ने औरहीकै अस्लम अंसारीलाई नियन्त्रणमा लिएको जनाएको छ।

गत शनिबार महोत्तरीको सम्सी गाउपालिका -६ निवासी ६० वर्षीय शेषहाजी जहुरको घरमा लुटपाटसँगै प्रतिकारमा उत्रेका दुई जनालाई डाँकाहरुले घाइते बनाएका थिए। १० जनाको समूहमा आएका अज्ञात नकाबधारीले जहुरसँगै उहाँका छोरा २५ वर्षीय अतहर जहुरलाई घाइते बनाएका थिए।

# धर्म, राजनीतिक पार्टी, प्रतिनिधिमूलक प्रजातन्त्र र प्रत्यक्ष प्रजातन्त्र

**दिनेश सुवेदी/प्रकाश अधिकारी**

पूर्वी एसियामा झन्डै पाँच हजार वर्ष अगाडिदेखि धर्मले स्थान लिँदै आइराखेको देखिन्छ। सबैभन्दा पुरानो धर्मका रूपमा हिन्दु धर्मलाई लिइन्छ। वेदान्त दर्शनको सुरुवात भएको चार हजार वर्ष मानिन्छ भने वेदान्त दर्शनका विरुद्धमा बोल्न थालिएको झन्डै तीन हजार वर्ष भइसकेको छ। चार्वाकले पहिलोपटक वेदान्त दर्शनका विरुद्धमा आफ्नो आवाज बुलन्द बनाएका थिए भने कपिल गौतम बुद्धले यसका विरुद्धमा बोल्न थालेको २६ सय वर्ष भइसकेको छ। आजसम्म आइपुग्दा हिन्दु धर्म र यसको प्रभावले पूर्वी एसियालाई निकै गाँजेको देखिन्छ। 'गरिबको सहारा ईश्वर' भन्ने भाष्य स्थापित छ। आज पनि गरिब बस्तीहरूमा नयाँ सम्भावनाको बीजारोपण धर्मले गर्दछ भन्ने विश्वास पाइन्छ। यद्यपि समाजले आजसम्म धर्मबाट कुनै लाभ प्राप्त गर्न सकेको छैन। मात्र विश्वासका आधारमा यसले आफ्नो स्थान ग्रहण गरिराखेको छ।

मानिसले भक्ति र स्तुतिमा समय खर्च त गरिरहेको छ तर अभावपूर्ण जिन्दगीबाट उन्मुक्ति प्राप्त गर्न सकिराखेको छैन। प्राकृतिक घटनाहरूको वास्तविक ज्ञान हुन नसक्दा ईश्वरको पैदा हुन पुगेको देखिन्छ, त्यसभन्दा अलग्गै अरु कुनै तथ्य आजसम्म भेटिएको देखिन्न। घामपानी, वर्षा, हावाहुरी, चट्याङ लगायत प्राकृतिक घटना मानिसको तत समयको ज्ञानको दायराभन्दा बाहिरका थिए। यी घटनाका आधारमा मानिसले ईश्वरको कल्पना गरेको हुन सक्ने अनुमान लगाउन सकिन्छ। आजसम्म प्रत्यक्ष रूपमा यस पृथ्वीका कुनै पनि मानवले ईश्वर भेटेको तथ्य छैन, तर पनि ईश्वरप्रति आस्था गर्नेहरू विश्वभरि नै छन्।

आस्था र डरका आधारमा आजसम्म विश्व समुदायमा धर्मले स्थान ग्रहण गरिराखेको देखिन्छ। प्राकृतिक घटनाका कारक ईश्वर हुन् भन्ने विश्वासले ईश्वरको निर्माण र फैलावट हुने कार्य भयो। आजसम्म कसैले ईश्वर भेटेको छैन, ईश्वरमार्फत सेवा प्राप्त गरेको कुनै प्रमाण पनि छैन, तर पनि मानिस धर्मको पछाडि लागिराखेका छन्। बिरामी पर्दा झारफुक गरेर निको पार्न लागिपर्ने मानिस आज अस्पताल गएर विज्ञान प्रविधिको सेवामार्फत आफूलाई निको पार्दा पनि कहीं न कतै ईश्वरमाथि आस्था र विश्वास राखिराखेको छ। अझै पनि विज्ञान-प्रविधिले ईश्वरमाथि आस्थावान् रहेका विभिन्न धर्महरूमाथि विजय प्राप्त गर्न सकेको छैन। मृत्युको कारण के हो ? मृत्युलाई कसरी रोक्न सकिन्छ ? अर्थात् मृत्युमाथि विजय प्राप्त गर्न सक्ने गरी विज्ञानले आफूलाई विकास गरेको क्षणमा सम्भवतः यस पृथ्वीबाट ईश्वरमाथिका मानिसका धेरै विश्वास हटेर जानेछन्।

यहाँसम्म आइपुग्दा ईश्वरीय आस्थाले एउटा राजनीतिक प्रक्रिया नै सुरुवात गरेको देखिन्छ। ईश्वरका विभिन्न प्रतिनिधिका रूपमा पृथ्वीमा विभिन्न ईश्वरीय मानव रूप देखापरेको र तिनले जनमानसमा विश्वास स्थापित गर्न सकेको देखिन्छ। जसका आधारमा राजनीतिक व्यवस्था पनि स्थापना हुन सक्यो। विष्णुको अवतारका रूपमा राम, कृष्ण र पछिल्लो समयमा गौतम बुद्धलाई लिने पूर्वी एसियाको धार्मिक चेतना र त्यसका आधारमा निर्माण भएको राजनीतिक सत्ता आज पनि समाजमा गढेर रहेको छ।

त्यस्तै पाश्चात्य जगतमा पनि जिसस क्राइस्ट ईश्वरको सन्देश बोकेर पृथ्वीमा आएको र मानवको सेवा गर्नका निम्ति तल्लीन रहेको भन्ने एउटा अवधारणा निर्माण भयो। सोही अवधारणा अनुसार त्यहाँ राजनीतिक प्रणाली निर्माण हुन पुग्यो। आज विज्ञान र प्रविधिको चामत्कारिक अनुभूति पाश्चात्य जगतले जुन अवस्थामा गरेको छ, त्यही अनुपातमा धर्मले पनि पाश्चात्य जगतलाई जकडेर राखेको छ। त्यसै अनुरूपको राजनीतिक प्रक्रिया पनि चलिराखेको छ।

आज पाश्चात्य जगत्मा अपनाइएको राजनीतिक प्रक्रिया प्रतिनिधिमूलक व्यवस्था हो। त्यसको उदय धार्मिक मूल्य-मान्यताबाट भएको थियो। ईश्वरको प्रतिनिधि भएर आएजस्तै गरी जनताको प्रतिनिधि भएर आज राजनीतिक प्रक्रिया सञ्चालन भइराखेका छन्। २५ सय वर्षअगाडि जिसस क्राइस्टको जन्म हुँदा जनताको जीवनमा आमूल परिवर्तन केही हुन सकेन। तर पनि आज मानिस त्यही आस्थामा आस्थावान् छन् र त्यही अनुरूपको राजनीतिक प्रक्रियामा अभ्यस्त भइराखेका छन्। पूर्वी एसियामा त राजनीतिक प्रक्रियामा धर्मले ठुलै स्थान ग्रहण गरेको देखिन्छ।

ईश्वरमार्फत पठाइएका सन्देश लिएर पृथ्वीमा शासन गर्नका निम्ति राजा-महाराजा आइपुगेका हुन् भन्ने मान्यता स्थापित भयो। यद्यपि बलवान् मानिस विभिन्न क्षमता देखाउँदै स्थापित भएको थियो तर आफैँ बिचबाट स्थापित भएको कुरा मानिसले बिर्सिन पुग्यो र आफूलाई ईश्वरको प्रतिनिधिका रूपमा जोड्न पुग्यो।

आफूलाई बलवान् साबित गरिसकेपछि सधैँ आफ्नो सत्तालाई बचाइराख्नका निम्ति नै मानिसले आफूलाई ईश्वरसँग जोड्न थालेको थियो। राजा-महाराजा आउनुभन्दा अगाडि नै ईश्वरको प्रतिनिधिका रूपमा पृथ्वीमा मानव विभिन्न स्वरूपमा देखिएका थिए। त्यसपश्चात् आफ्नो क्षमता प्रस्तुत गरेर जनताका बिचबाटै चुनिएर आएका राजा-महाराजाले आफूलाई ईश्वरको प्रतिनिधिका रूपमा व्याख्या गरे र आफ्नो सत्तालाई लम्ब्याउन सफल भए। प्रतिनिधिमूलक व्यवस्थाको सुरुवात ईश्वरको प्रतिनिधिका रूपमा ईश्वरधारीले गरिसकेका थिए भने आफूलाई भगवान् साबित गरेर समुदायकै बिचबाट आएको मानिसले पनि आफूलाई ईश्वरको प्रतिनिधि भन्दै जनताको प्रतिनिधिका रूपमा स्थापित गर्न सफल भए। यसरी ईश्वरको प्रतिनिधि बन्ने व्यवस्था आजसम्म संसारमा रहँदै आइरहेको देखिन्छ।

विश्वमा पछिल्लो औद्योगिक क्रान्ति सँगसँगै राजा-महाराजाको व्यवस्था ढल्दै गयो र राजनीतिक पार्टीहरूको भूमिका स्थापित हुँदै गयो। पुराना राजा-महाराजाले आफ्नो स्थापनाको समयमा जनताको प्रतिनिधिकै रूपमा उभ्याएका थिए र त्यसलाई स्थायी रूप दिनका निम्ति ईश्वरसँग जोड्दै आफ्नो सत्तालाई लम्ब्याएका थिए। आजसम्म आइपुग्दा राजनीतिक पार्टीहरू पनि आफू जनताको प्रतिनिधिका रूपमा आउने र विभिन्न नाममा आफ्नो सत्तालाई टिकाइराख्नका निम्ति विभिन्न खालका तानाबाना बुन्ने गरेका छन्। आउँदा जनप्रतिनिधि भएर आएका हुन्छन्, सत्तामा पुगिसकेपछि आफूसँग अभूतपूर्व क्षमता र अलौकिक क्षमता रहेको रूपमा स्थापित गर्नका निम्ति आजका राजनीतिक पार्टी र नेतृत्व तमतयार भएर बसिरहेका छन्। हिजो ईश्वरको प्रतिनिधि भएर आएका मानिस गर्ने व्यवहार आजका प्रतिनिधिले देखाइराखेका छन्। तसर्थ आजको व्यवस्था प्रतिनिधिमूलक व्यवस्था हो, जसले जनताको प्रतिनिधि भएर आउने र आफूलाई जनताभन्दा अलग रूपमा स्थापित गर्नका निम्ति तमतयार भएर लागिराखेको छ।

राजा-महाराजाहरू पनि प्रतिनिधिमूलक व्यवस्थाका उपज थिए। जनताका बिचबाट आफ्नो समुदायको रक्षा गर्न सक्ने सामर्थ्यवान् मानिसका रूपमा उनीहरु स्थापित भएका थिए। सबैभन्दा बलवान् मानिस नै आफ्नो समुदायको राजा भएर स्थापित हुन्थ्यो, किनकि परिस्थितिसँग लड्नु वा भिड्नुपर्ने परिस्थिति थियो। प्रकृतिमा आश्रित मानव समुदायलाई प्रकृतिका विभिन्न घटनाबाट बचाउनका निम्ति आफ्नो समुदायभित्र बलवान् मानिसलाई नेतृत्व दिनु परिस्थितिको उपज थियो। तर आफ्नो सत्ता टिकाइराख्नका निम्ति मानिसले आफूलाई ईश्वरीय शक्तिसँग जोड्न थाल्यो।

आजका दिनसम्म आइपुग्दा मानिसले समाजमा आफ्नो राजनीतिक शक्ति निर्माण गर्न पार्टीहरु खोल्ने जुन कार्य भइराखेको छ, यो हिजोको राजतन्त्रात्मक व्यवस्थाकै एक खालको निरन्तरता जस्तो देखिन्छ। हिजो राजा-महाराजाले जनतासँग जस्तो व्यवहार गरे आज राजनीतिक पार्टी र त्यसका नेतृत्वबाट त्यस्तै भइराखेको छ। राजसंस्थाभित्र राजपरिवारका सदस्यहरू उत्तराधिकारी हुन्थे भने आज राजनीतिक पार्टी र त्यसका उत्तराधिकारीले शासन गर्ने प्रक्रियाको सुरुवात मात्र भएको छ, मूलभूत कुरामा कुनै भिन्नता छैन। तसर्थ राजतन्त्रात्मक व्यवस्थादेखि आजसम्मको सम्पूर्ण व्यवस्था प्रतिनिधिमूलक व्यवस्था हो।

आज विश्व समुदाय यहाँसम्म आइपुग्दा समेत व्यवस्था ज्युँका त्युँ छ, व्यक्ति र स्वरूपहरू मात्र फेरिएका छन्। तसर्थ आमूल परिवर्तनका निम्ति व्यवस्था फेर्न आवश्यक छ। आजभन्दा अगाडि स्थापित भएका व्यवस्था त्यो परिस्थितिको उत्तम व्यवस्था थियो। त्यसका कारण यी व्यवस्था स्थापित भएका हुन्। हरेक कुरा जन्मदा सुन्दर भएर जन्मन्छ र मर्दा कुरूप भएर मर्छ। आजसम्मको प्रतिनिधिमूलक व्यवस्था सुन्दर भएर जन्मिएको थियो, तर परिस्थितिका कारण कुरूप भएर अन्त्य हुने दिशातिर गइराखेको छ। आजको युगमा विकास भएको विज्ञान प्रविधिले प्रतिनिधिमूलक व्यवस्थाको अन्त्य गर्नका निम्ति आधार पैदा गरिराखेको छ। यही आधारमा नयाँ व्यवस्था निर्माण हुनेछ।

आजसम्मको व्यवस्थाको आधार एउटै छ। राजतन्त्रात्मक व्यवस्थादेखि राजनीतिक पार्टीद्वारा शासित हुने व्यवस्थासम्मको आधार संरचनामा कुनै फेरबदल छैन। आधार संरचनालाई ज्युँका त्युँ राखेर व्यवस्था बदल्यौं भन्दै आजसम्मका राजनीतिक पार्टीहरूले आफूलाई सत्तारोहण गरिरहेका छन्, यसैलाई व्यवस्था बदलिएको भनेर स्थापित गरेका छन्। आजसम्मको मानव समाज मानव श्रममा आधारित छ। आजसम्मको सिङ्गो मानव समाजको आधार संरचना नै मानव श्रममा आधारित छ। यसर्थ व्यवस्था बदल्ने आधार संरचनामा कुनै फेरबदल आएको छैन। त्यसो हुँदा आजसम्म व्यवस्था परिवर्तनको आधार संरचनामै परिवर्तन आएको थिएन भन्न सकिन्छ। आज विज्ञान र प्रविधिको विकासले आधार संरचनामा पूर्ण परिवर्तन लिएर आइरहेको परिवेशमा व्यवस्था परिवर्तन सम्भव भएको छ। तसर्थ आजको बदलिँदो परिवेशको राजनीतिक व्यवस्था के त भन्ने प्रश्न उब्जिएको छ।

प्रतिनिधिमूलक व्यवस्थाको अन्त्यको आधार विज्ञान र प्रविधिले पैदा गरेजस्तै गरी प्रत्यक्ष प्रजातन्त्रको आधार पनि विज्ञान र प्रविधिले नै प्रस्तुत गरिराखेको छ। आज भएको विज्ञान र प्रविधिको विकासले व्यक्तिको व्यक्तिगत अधिकारलाई विश्वस्तरमा प्रयोग गर्न सक्ने बनाएको छ। व्यक्तिको व्यक्तिगत अधिकार पूर्ण रूपमा सुनिश्चित नभएसम्म मानिस पूर्णरूपमा स्वतन्त्र भएको हुन सक्दैन। व्यक्तिको धर्म, संस्कार, संस्कृति, रीतिरिवाज, चालचलन, वेशभूषा आदि कुराको व्यक्ति स्वयंले पूर्णरूपमा प्रयोग गर्न सक्ने राजनीतिक व्यवस्था निर्माण नभएसम्म पूर्ण प्रजातन्त्र असम्भव हुन्छ। भर्खरै विदेश भ्रमणमा रहनुभएका नेपालका प्रधानमन्त्रीले अंग्रेजी भाषामा पोख्त नभए पनि सो भाषा बोल्नुपर्ने बाध्यताले गर्दा

-बाँकी तीन पेजमा

## *धर्म, राजनीतिक...*

आफ्नो स्पष्ट धारणा राख्न नसक्ने अवस्था पैदा भयो। यस्तो अवस्था भनेको एउटा व्यक्तिको नैसर्गिक अधिकार विश्व समुदायले खोसेको अवस्था हो। तर आज विज्ञान र प्रविधिको विकासले भाषालाई आवश्यकता अनुसार अनुवाद गरिदिन्छ। यसले अब पूर्ण प्रजातन्त्रतिर सिंगो मानव समुदायलाई लैजाने देखिन्छ। अब एउटा भाषा प्रतिनिधि भाषा हुन सक्दैन। आज कुनै मानिसले आफूलाई विश्व समुदायसम्म पुऱ्याउनका निम्ति अर्को कुनै भाषा जानिराख्नुपर्दैन। यसो हुँदा वैयक्तिक अधिकारहरूको रक्षा हुने परिस्थिति निर्माण भएको छ, यसले अब विश्व राजनीतिक व्यवस्थामा नयाँ राजनीतिक प्रक्रियाको थालनी हुने आधार पैदा गरेको छ। तसर्थ आजको प्रतिनिधिमूलक व्यवस्थाको अन्त्यको आधार विज्ञान र प्रविधिले पैदा गरेको स्पष्ट देखिन्छ।

धर्म, राजनीतिक पार्टी वा प्रतिनिधिमूलक व्यवस्था अबको विकल्प हुन सक्दैनन्। यी सम्पूर्ण कुराको विकल्पका रूपमा प्रत्यक्ष प्रजातन्त्र अबको युगको निर्विकल्प व्यवस्था हुन आइराखेको छ। यही आधारमा अबको विश्व समुदायले आफ्नो राजनीतिक कार्यदिशा र कार्यक्रम बनाउनेछन्, जसको आधार आजको विज्ञान प्रविधिले पैदा गरेको छ।*(लेखक सुवेदी प्रत्यक्ष प्रजातन्त्र अभियानका संयोजक एवं अधिकारी त्रिविबाट विद्यावारिधि गर्दै छन्।)*

# मासु र मदिरा एकसाथ खाँदा घाँटीमा हड्डी अड्किने जोखिम

**डा. ओमप्रकाश यादव**
नाक, कान तथा घाँटीका सिनियर शल्यचिकित्सक

दशैंका बेला अस्पतालका नाक कान घाँटीरोग विभाग बिरामीको भीडभाड निकै हुन्छ। यसो हुनुको मुख्य कारण दशैंमा मासु धेरै खाइने भएकाले घाँटीमा हड्डी अड्किने समस्या बढ्छ। जसकारण अस्पताल आउनेहरु धेरै हुन्छन्। मासु खानु समस्या होइन, हतारिएर खानु र खाँदा के खाँदैछु भनेर हेक्का नराख्नु सबैभन्दा ठूलो समस्या बनिदिन्छ। किनकि हड्डी अड्किनु समस्याको तत्काल उपचार चाहिन्छ। दशैंको समयमा सबैभन्दा गम्भीर समस्या नै यही हो। उपचारमा ढिलाइ भए बिरामीको ज्यान समेत जान सक्छ।

**हड्डी यी अवस्थामा अड्किन्छ**

मासु अड्काएर आउनेहरूमा वयस्क बढी छन्। त्यसमा पनि मासुसँगै मदिरा पिइरहेको अवस्थामा हड्डी अड्काउनेहरु धेरै हुन्छन्। प्रायले मासुसँगै मदिरा खाँदा हड्डी अड्काएको पाइन्छ। मासुसँगै मदिरा अत्यधिक पिउँदा के खाइरहेको भन्ने होस नहुँदा समस्या बन्न सक्छ। त्यसैगरी, वृद्धवृद्धामा हड्डी अड्किने समस्या बढी देखिन्छ। यस्तोमा छाकैपिच्छे मासु खाँदा एक त दाँत हुँदैन। जसले गर्दा मासु चपाउन नै मिल्दैन। र, नचपाई निल्दा मासुसँगै हड्डी खाना नलीबाट जान्छ र अड्किने गर्छ। अर्को, भनेको खाना मुखमा पस्ने बित्तिकै तालुमा एक किसिमको अनुभूति हुन्छ। जसले गर्दा चपाउन गिजामा बल लगाएर चपाउन सक्छौं। तर उमेर बढेसँगै तालुमा हुने त्यो अनुभूति कम हुन्छ। र, खानेकुरा मुखमा हाल्दा चपाएको थाहा नहुँदा हड्डी निल्ने सम्भावना बढी हुन्छ। अर्को कारण कसैमा हतारमा खाँदा पनि हड्डी अड्किन सक्छ। कसैको भने एक हातमा मोबाइल र अर्को हातले मासुका परिकार खाइराख्दा खानमा कम र मोबाइलमा बढी ध्यान दिंदा हड्डी अड्किने जोखिम बढी हुन्छ। अस्पतालमा सबैभन्दा बढी कुखुराको मासुको हड्डी अड्काएर आउनेको संख्या बढी छ।

**मासुको हड्डी कुन–कुन अंगमा अड्किएको हुन्छ ?**

हड्डी खाना नली, श्वासप्रश्वास नली र फोक्सोमा अड्किन्छ। मासुसहितको हड्डी खाना नलीमा अड्किएमा खाना खान कठिन हुने, र्‍याल आउने, मुख सुन्निने, घाँटी अत्यधिक दुख्ने, थुक अत्यधिक आउने, खानेकुरा निल्न नसक्ने र घाँटी सुन्निने समस्या हुन्छ। यो नलीमा पुग्दा दुखाइ मात्र होइन, श्वासप्रश्वास नली र फोक्सोमा पुगेमा गम्भीर असर पुग्न सक्छ। श्वासप्रश्वास नलीमा हड्डी अड्किएमा निल्दा कहाँसम्म पुग्न सक्छ थाहा हुँदैन। कसैलाई त अड्किने बित्तिकै श्वासप्रश्वास फेर्न कठिन हुन्छ। त्यसैले हड्डी अड्किएमा पायक पर्ने अस्पताल लैजानुपर्छ।

**मासुको हड्डी अड्किने बित्तिकै प्राथमिक उपचार गर्न सकिन्छ ?**

मासुको हड्डी अड्किने बित्तिकै घरमै गर्न सकिने भनेको हड्डी अड्किएको व्यक्तिको पछाडि उभिएर पेटको तल्लो भागमा दुवै पाखुराले माथितर्फ बल लगाउने गर्नुपर्छ। यसले पेटमा प्रेसर पुगी मुखबाट हड्डी निस्किने सम्भावना हुन्छ। तर हड्डीको चुच्चो खाना नली मासुमा गाडिएको छ भने निकाल्न कठिन हुन्छ। त्यस्तो अवस्थामा नजिकको अस्पतालमा छिटो भन्दा छिटो पुग्नुपर्छ।

**गर्दनमा हानेर निकाल्ने प्रयास नगरौं**

कतिपयले अड्किएको हड्डी निकाल्न हतारिएर तालु वा गर्दनमा पनि हान्ने गरेको पाइन्छ। जसले थप जटिल अवस्था बनाउँछ। कहिलेकाहीं जोडले तालु वा गर्दनमा हान्दा त्यसकै हड्डीमा चोट लाग्न सक्छ।

**जति ढिलो, त्यति समस्या**

जति ढिलो अस्पताल पुगिन्छ, त्यति ज्यान जाने जोखिम रहन्छ। दुई–चार दिनसम्ममा अड्किएको ठाउँको मासु कुहिएर संक्रमण भई पाक्न सक्छ। यस्तोमा शल्यक्रिया गर्न खोज्दा औजारले पनि अंग छेडिन सक्छ। जसले ज्यान जाने जोखिम बढाउँछ।

**उपचार कस्तो हुन्छ ?**

मासु अड्किएमा थोरै दबाबले पनि आउने सम्भावना देखिन्छ भने हेल्मिक मेनवरको प्रयोग गर्न सकिन्छ। यो विधिमा पहिला व्यक्तिलाई अर्को व्यक्तिले पछाडिबाट हातले माथिल्लो छाती र घाँटीको माथिल्लो भागमा थिचेर दबाब सिर्जना गर्दा अड्किएको हड्डी निस्कन सक्छ। यो विधि गर्दा आएन र घाँटीमा हड्डी अड्किएर बस्यो भने यसको उपचार शल्यक्रिया नै हो। अवस्था अलि जटिल छैन भने सामान्य शल्यक्रिया घाँटीमा पाइप पसाएर हड्डी निकालिन्छ। जटिल अवस्था छ भने सिजरियन शल्यक्रिया नै गर्नुपर्छ। यसको जटिलता भनेको खाना नलीमा गाडिएर बसेको हड्डी जति ढिलो निकालियो त्यति खाना नली प्वाल पार्ने जोखिम हुन्छ। खाना नली प्वाल परेमा चाप कम हुने, ज्वरो आउने, छातीको पछाडि भाग दुख्ने, मुटुको धड्कन बढ्ने हुन्छ।

**हड्डी अड्किन नदिन के कुरामा ध्यान दिनुपर्छ ?**

- मासु खाँदा मात लाग्ने गरी मदिरा नपिउने।
- मासु खाँदै मोबाइलमा तल्लीन नहुने।
- हड्डी अड्किन नदिन मासु होस् वा अन्य खानेकुरा जति नै हतार भए पनि खानामा हेरेर र चपाएर खानुपर्छ।
- घरमा दाँत नभएका ज्येष्ठ नागरिकलाई मासु दिंदा हड्डी नभएको स–साना टुक्रा पारिएको नरम मासु दिने।
- हड्डी अड्किएको जस्तो भएमा तुरुन्त अस्पताल जाने।

## *कमला नदी ...*

एउटै डुङ्गामा करिब १० जना मानिससहित छ/सात वटा मोटरसाइकल, साइकलसमेत लोड गरेर तर्नु पर्दा शरीर नै चिसो हुने उहाँको अनुभव रहेको छ। सोही डुङ्गामा सवार स्वास्थ्यकर्मी रोशन राउतले पनि निकै असुरक्षित तवरले डुङ्गामा नदी तरेको बताए। उनले भने, “कमला नदीको बिच भागमा जहाँ ठुलो बहाब छ त्यसको वारिपारि ठुल्ठुला भङ्गाला छन्। त्यहाँ तर्न धेरै नै अप्ठ्यारो भयो।” कमला नदीको बिच भागको करिब ५० मिटर चौडाइमा करिब चार/पाँच फिट पानी बगिरहेको छ। पैदल, मोटरसाइकल, साइकलबाट यात्रा गर्नेहरू पैसा तिरेर डुङ्गा चढेर वारपार गरिरहेका हुन्छन्। प्रतिमोटरसाइकल तार्न एक सय रुपियाँ र प्रतिसाइकल तार्न पाँच रुपियाँ एवं मानिस मात्र तार्न १०/२० रुपियाँ लिने गरेको डुङ्गा सञ्चालकले बताएका छन्।

हुलाकी राजमार्गबाट सप्तरीको राजविराजदेखि जनकपुरसम्मको दुरी ९० किलोमिटरको हाराहारीमा छ भने दुईपाङ्ग्रे सवारीबाट दुई घण्टामा पुग्न सकिन्छ तर कमलामाथि पुल नहुँदा बाढीका कारण ठुलो र चारपाङ्ग्रे सवारी पूर्वपश्चिम राजमार्ग भएर १३० किलोमिटर बाटो तय गरेर जनकपुर पुग्नु परेको चारपाङ्ग्रे सवारीधनी श्यामसुन्दर यादवले बताए। हुलाकी राजमार्गस्थित कमला नदीमा यात्रुलाई वारपार गर्न दुई वटा डुङ्ग्रा चलाएर बसेका माझीहरू भन्छन्, “हामी पैसा कमाउनुभन्दा सेवा दिइरहेका छौं। सिराहाकावासीको कमलापारि धनुषामा धेरै जग्गाजमिन खेतीपाती रहेको छ। उनीहरूलाई खेतीपाती गर्न, गाईवस्तु भाउ गर्न जान डुङ्गा चढ्नुको विकल्प भने छैन।”

डुङ्ग्रा सञ्चालनलाई व्यवस्थित र सुरक्षित बनाउन कहींकतैबाट व्यवस्थापन भएको देखिएको पनि छैन। डुङ्ग्रा सञ्चालनमा सवार हुँदा अपनाउनुपर्ने पूर्वसतर्कता, जोखिम न्यूनीकरण, भाडा दररेटलगायतको व्यवस्थापनका लागि न सुरक्षाकर्मीको उपस्थिति देखिन्छ, न स्थानीय तहका जिम्मेवार पदाधिकारीको। यस्तो अवस्थामा ठुलो दुर्घटना भएमा कसले जिम्मेवारी लिने ? दोषी कसलाई ठहऱ्याउने ? जस्ता प्रश्नहरू तेर्सिने गरेको छ। यसअघि सुक्खा मौसममा थोरै पानी बगिरहेको अवस्थामा स्थानीयले चचरी (काठेपुल) बनाएका थिए। उक्त पुलबाट मोटरसाइकल तर्न पनि प्रतिमोटरसाइकल ५० रुपियाँ लिने गरिन्थ्यो तर कमलामा आएको बाढीले चचरी पनि बगाएका कारण डुङ्ग्रा सहारा बनेको छ। कमला नदीस्थित पुल पक्की बनाउने प्रयास नभएको पनि होइन। विगत १३ वर्षदेखि पुल निर्माण भइरहेको छ तर निर्माण पूरा भएर कहिले सञ्चालन हुन्छ भन्ने टुङ्ग्रो छैन। कमला नदीमा बन्दै गरेको पुल भासिएपछि निर्माण कार्य पेचिलो बन्दै गएको छ।

कमलाको भासिएको पुलभन्दा करिब १० किलोमिटर दक्षिणतर्फ नेपाल–भारत सीमा क्षेत्रनजिक गत वर्षदेखि झोलुङ्गे पुल सञ्चालनमा रहेको छ तर उक्त पुल पायक नपरेको स्थानीयको गुनासो छ। झोलुङ्गे पुलबाट मानिस मात्रले आउजाउ गर्न मिल्ने भएकाले दुईपाङ्ग्रे सवारी डुङ्गामा चढाएर तर्नु बाध्यता छ।

# जग्गाआवास विकास समस्या समाधानका लागि सुझाव कार्यदल गठन

काठमाडौं, २३ असोज। शहरी विकास मन्त्रालयले जग्गा आवास विकासमा देखिएका समस्या समाधानका लागि सुझाव दिन कार्यदल गठन गरेको छ। शहरी विकास मन्त्रालयका भवन,आवास तथा योजना महाशाखाका प्रमुख दिलिप भण्डारीको संयोजकत्वमा कार्यदल गठन भएको हो। कार्यदललाई जग्गा–आवास विकाससँग सम्बन्धित व्यवस्थाहरु अध्ययन गरी पुनरावलोकन गर्नुपर्ने विषय पहिल्याई गर्नुपर्ने सुधारसहितको प्रतिवेदन एक महिनाभित्र पेश गर्ने जिम्मेवारी तोकिएको छ।

कार्यदलमा अधिकार सम्पन्न बागमती सभ्यता एकिकृत विकास समितिका आयोजना निर्देशक नारायण भण्डारी, शहरी विकास तथा भवन निर्माण विभागका उपमहानिर्देशक एकराज अधिकारी, नेपाल जग्गा तथा आवास विकास महासंघबाट २ जना प्रतिनिधि, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका उपसचिव र सदस्य सचिवका रुपमा शहरी विकास तथा भवन निर्माण विभाग, केन्द्रीय कार्यान्वयन इकाईएका आयोजना निर्देशक प्रकाश अर्याल रहेका छन्। नेपाल जग्गा तथा आवास विकास महासंघले शहरी पूर्वाधार तथा सेवाको विकाससम्बन्धि एकीकृत ऐन जारी गर्न सुझाव दिएको थियो। आर्थिक वर्ष २०७९/८० को बजेटमा समावेश भएको सय भन्दा बढी युनिट भएको अपार्टमेन्टमा बढीमा २० प्रतिशत अपार्टमेण्ट विदेशीले खरिद गर्न पाउने भन्ने घोषणा गरेको थियो।

**के गर्छ कार्यदलले ?**

मेगा सिटी, स्मार्ट सिटी, पूर्वाधारयुक्त करिडोर र व्यस्थित शहरीकरणमा निजी लगानी आकर्षित गर्न सरकारी अनुमतिप्राप्त रियल स्टेट कम्पनीहरुलाई सहभागि गराई सहकार्य गर्ने कानुनी व्यवस्था गर्ने, हाल स्थानीय निकायले लिने सिफारिस शुल्क समान कायम गर्ने, रियल इस्टेट उद्योगलाई बहुवर्षिय आयोजना सरहको सुविधा दिने लगायतका सुझावमाथि कार्यदलले अध्ययन गर्नेछ।

# नयाँ नोट नछाप्दा राज्यलाई डेढ अर्ब फाइदा



काठमाडौं, २३ असोज। नेपाल राष्ट्र बैंकले दशैंलाई लक्षित गरी यस वर्ष नयाँ नोट नछाप्दा नोट सटहीको चाप ह्वात्तै घटेको छ। गत वर्ष राष्ट्र बैंकले काठमाडौं उपत्यकामा मात्र साढे १४ अर्ब तथा देशभर २९ अर्ब नयाँ नोट सटही गरेको थियो। यस वर्ष करिब चार अर्बमा सीमित रहेको छ। यो झन्डै २५ अर्बले कम हो। राष्ट्र बैंक मुद्रा व्यवस्थापन विभागका निर्देशक बासुदेव भट्टराईका अनुसार यस वर्ष राष्ट्र बैंक मातहतका कार्यालयबाट करिब दुई अर्ब र अन्य बैंकबाट पनि सोही बराबरीको नोट सटही भएको अनुमान छ। नयाँ नोट मुद्रण नहुँदा त्यसका लागि हुने खर्च जोगिएको छभने सटहीका लागि थप जनशक्ति व्यवस्थापनको झन्झट बैंकले व्यहोर्न परेन। उनका अनुसार अघिल्लो वर्ष नयाँ नोट मुद्रणका लागि मात्रै पनि झन्डै डेढ अर्ब खर्च लागेको थियो।

यस वर्ष बैंकले नयाँ नोट मुद्रण नगरी हाल चलनचल्ती रहेका सफा र सुकिला नोटको प्रयोगलाई जोड दिएको छ। बैंकको उक्त नीतिअनुरुप यस वर्षको दशैंतिहार लगायतका चाडबाडमा चलनचल्तीकै सुकिला नोट प्रयोग हुने छ। नयाँ नोट दशैं तिहार जस्ता पर्वमा मात्र अत्याधिक माग हुने तथा त्यसपछि बैंकका ढुकुटीमा थुप्रिएर बस्ने भएकाले त्यस्ता जम्मा भएका नोटको सदुपयोग गर्ने र नोट छपाईका लागि लाग्ने फजूल गर्न राक्ने राष्ट्र बैंकले सुकिला नोटको प्रयोगलाई प्रोत्साहन गरेको हो। प्रत्येक वर्ष चाडबाडमा नयाँ नोट छापिने तथा घुमिफिरी ती नोट बैंकको ढुकुटीमा थुप्रिने क्रम बढेपछि बैंकले यस वर्ष चल्ने हदसम्म त्यस्ता नोटको सदुपयोग गर्ने निर्णयमा पुगेको निर्देशक भट्टराईको भनाइ थियो।

पुराना नोट थिचिएर तथा ओसिएर स्वतः नष्ट हुँदै जाने भएकाले प्रयोग गर्न सकिने हदसम्म चलन चल्तीकै नोट उपयोग गर्न सकियोस् भनी यसपटक नयाँ नोट नछापिएको उनको भनाइ छ। राष्ट्र बैंकले चलनचल्तीकै नोट प्रयोगमा जोड दिएपछि सटहीमा हुने चाप कम हुनुका साथै नयाँ नोटका नाममा हुन सक्ने फजूल खर्च समेत केही हदसम्म रोकिने अनुमान छ। गत वर्ष छापिएको भन्दा तीन गुणासम्म बढी नोट हाल बजारमा र बैंक ढुकुटीमा मौज्दात रहेकाले पनि नयाँ नोट निकाल्न नपरेको उहाँको तर्क छ। सफा र सुकिला नोट प्रयोगलाई निरन्तरता दिनुपर्नेमा जोड दिँदै उहाँले आगामी वर्षमा अहिले चलन चल्तीमा रहेकाभन्दा अझ सुकिला नोटले निरन्तरता पाउने विश्वास व्यक्त गर्नुभयो।

# दशैं बिदामा पनि निरन्तर पेट्रोलियम पदार्थ वितरण हुने

काठमाडौं, २३ असोज। नेपाल आयल निगमले दशैं बिदामा पनि निरन्तर पेट्रोलियम पदार्थ वितरण हुने व्यवस्था मिलाएको छ। निगमका अनुसार काठमाडौंमा थानकोटदेखि देशभरिका डिपो र कार्यालयबाट स्थानीय आवश्यकताका आधारमा पेट्रोलियम पदार्थ बिक्री वितरण निरन्तर हुने व्यवस्था मिलाइएको छ। विराटनगर डिपो २४ र २८ असोजमा खुला रहने छ। अमलेखगञ्ज डिपो २४, २५ र २८ असोजमा खुला रहने भएको छ। थानकोट डिपो २४, २५ र २८ असोजमा खुला हुनेछ। सुर्खेत, भैरहवा र पोखरा डिपो २४ र २८ मा खुल्ने छन्। त्यसैगरी धनगढी डिपो २४, २७ र २८ असोजमा खुल्ने भएका छन्। धनुषा डिपो २४ र २७, नेपालगञ्ज आवश्यकता अनुसार,

**–बाँकी अन्तिम पेजमा**

# महोत्तरीको सोनामाईमा 'भूतमेला' प्रारम्भ



महोत्तरी, २३ असोज। सोनामाई मन्दिरमा आजदेखि भूतमेला सुरु भएको छ। अनादिकालदेखि नै बडादसैँका बेला औरही नगरपालिका–७ अवस्थित सोनामाई शक्तिपीठमा भूतमेला लाग्ने सोनामाईका पूजारी कामेश्वर झाले बताए। परापूर्वकालदेखि नै भूतमेलाका लागि प्रख्यातसोनामाई मन्दिरमा हरेक वर्ष वडादसैँको सप्तमीदेखि लाग्ने मेला यस वर्ष बिहानैदेखि सुरु भएको अर्का पूजारी घनश्याम झाको भनाइ छ। बडादसैँको सप्तमीदेखि विजयादशमीका दिनसम्म चल्ने मेलामा हजारौँ पीडित (कारनी) र दर्शनार्थीको भीड लाग्ने गर्दछ। भूतप्रेतले सताइएका हजारौँ पीडितहरू प्रत्येक वर्ष यस मेलामा आउने गर्छन् भने सोनामाईको कृपाले स्वस्थ हुने जनविश्वास रहेको अर्का पुजारी झगरु झा बताउँछन्।

वर्षौंदेखि भूत, पिसाच, कालो जादुटुना र बोक्साबोक्सीको कुचक्रमा परेर जीवन मृत्युको दोसाधमा परेकाहरु सोनामाईको सीमाक्षेत्रमा आउने बित्तिकैको कसबाट सताइएको हो भन्नेबारे आफैँ भन्न थाल्छन् भने देवीको शक्तिले सीमाक्षेत्रमा खुट्टा टेक्ने बेलादेखि नै लड्दैपड्दै, रुँदैहाँस्दै र विभिन्न गतिविधिका साथ खेल्दै देवी दरबारसम्म पुग्ने गर्छन र दरबारमा पुगेका पीडितहरू माताको दृष्टि परेपछि निको भई आ–आफ्ना घर फर्कने गरेको माताका अर्का पुजारी रमेश झाले जानकारी दिए।

विजयादशमीका दिनसम्म चल्ने मेलामा महोत्तरी, सर्लाही, धनुषा, सिरहा, रौतहटलगायत मुलुकका हेटौँडा, धरान, विराटनगर र काठमाडौँदेखि भारतका सीतामढी, मधुवनी र पटनासम्मका हजारौँ पीडित महिला र पुरुष पुग्ने गरेको कुरा माताका पुजारी घनश्यामले थपे। घरघरमा भूतप्रेतबाट दुःख र पीडित भएका कारनी (पीडित)हरु आ–आफ्ना घरबाट रुँदै–कराउँदै यहाँ आउँछन् भने सोनामाई शक्तिपीठबाट पीडामुक्त भई हाँस्दै जाने गरेको झाँक्री बताउँछन्। सोनामाई शक्तिपीठमा दर्जनौँ धामी झाँक्री रातदिन भजनकीर्तन र भूत भगाउने काममा तल्लीन रहन्छन् भने २४सैँ घण्टा माता प्रत्यक्ष विराजमान रहेर पीडितहरूको पीडा हरण गर्ने गरेको पुजारी रमेशले बताए।

माताको दरबारमा एकपटक पुग्ने पीडितको शरीरमा जीवनमा फेरि कहिल्यै पनि भूतप्रेत नलाग्ने विश्वास यहाँका जनताको छ। यस वर्ष मेलामा सहभागी हुन चाहने भक्तजनका लागि औरही नगरपालिकाले रात्रिबासका साथै भोजन र सुरक्षाको राम्रो प्रबन्ध मिलाइएको जनाएको छ।

# दशैं मनाउन फर्किए परदेशिहरु

**गृष्मा राजभण्डारी**

काठमाडौं, २३ असोज। बडादशैं परिवारबीच पुनर्मिलनको पर्व पनि हो। टाढा टाढा पुगेका सन्तान र आफन्तजन एकै ठाउँमा जम्मा भएर दशैं मनाउनुको रमाइलो बयान गरीसाध्य छैन। स्वदेशमै हुनेहरु मात्रै होइन, रोजगारीका लागि विदेश पुगेकाहरु पनि यति बेला दशैं मान्न घर फर्किरहेका छन्। बैदेशिक रोजगारीका लागि विदेशिएका युवाहरु बडादशैं र तिहार मनाउन दैनिक हजारौंको संख्यामा फर्किरहेका छन्। यसरी स्वदेश फर्कनेहरुको लर्को त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थलको आगमन कक्षमा देख्न सकिन्छ भने विदेशबाट आउनेहरुलाई लिन गएका आफन्तजनको उत्तिकै भीड देखिन्छ विमानस्थलमा। तर कोही कोही भने विमानस्थलबाट बाहिरिएपछि अलमलमा पर्ने गरेको पनि देखिन्थ्यो।

हाम्रो टोली त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पुग्दा फेला परे, काठमाडौं कौशलटार निवासी अमित घोरासैनी। घरपरिवारलाई खबरै नगरी आश्चर्य चकित पार्ने तरिकाले स्वदेश आएका अमितको खुशी मुहारमा छर्लगैं देखिन्थ्यो थियो। जसो तसो विदेशमा पसिना बगाएकाहरु मध्ये रुकमान गुरुङ र चुराबहादुर सारुलाई भने बैदेशिक रोजगारीमा रहँदा रहँदै पनि घरपरिवारका लागि अब सदाका लागि स्वदेशमा श्रम गर्ने सोच आएको पनि पाइयो।

खाडी मुलुक दुबईमा कामको सिलसिलामा पुगेका सुजना खड्का भने चाडबाडमा स्वदेश फर्कन पाएकोमा दंग त देखिन्थे। स्वदेशी भूमिमा टेक्दा उनले खुशीका आँसु थाम्न सकिरहेका थिएनन्। त्यसो त बिदेशमा श्रम पसिना बगाईरहँदा पनि देशमा भइरहेका गतिबिधीबारे जानकारी राख्ने गरेका काभ्रेका रबिन बिश्वकर्मालाई नेपालमा हालै आएको बाढी पहिरोको घटनाले साह्रै विचलित गराएको रहेछ। लामो समयसम्म कतार बसी चाडबाड मनाउन स्वदेश फर्कनेहरुमा परिवारसंग हुने पुनर्मिलनले उत्तिकै उद्देलित गराउने रैछ। लामो समय अर्काको देशमा श्रम बेचेर चाडवाडको बेला स्वदेश फर्कन पाउने दाजुभाइ दिदीबहिनी घर फर्कन पाउँदा खुशी हुनु स्वाभाविक हो। तर चाडवाडकै बेला पनि छुट्टि नपाएर कर्मथलोमै बस्नु पर्ने बाध्यतामा रहेका नेपालीहरुको संख्या लाखौं छ। यस्तै दशैंकै मुखमा विदेशिन बाध्य युवाको संख्या पनि कम छैन।

# बाढीले ५० लाख बराबरको केरा नोक्सान

इनरुवा, २३ असोज। सुनसरी सदरमुकाम इनरुवा–४ का विनोद मेहताले दुई बिघा केराखेती गरेका थिए। सुनसरी खोलामा हालै आएको बाढीले केराखेतीमा क्षति पुऱ्याएपछि उनी चिन्तित छन्। उनले भने, 'आफ्नै जग्गामा प्रति बिघा आठ लाखको लागतमा केरा लगाएको थिए। दुईबिघा मध्ये १३ कट्ठा केरा खेतीमा क्षति भयो। केरा खेतीबाट छठपर्वमा सम्ममा १० देखि १२ लाखसम्म आम्दानी लिने लक्ष्य राखेको थिए। बाढीले क्षति गरेपछि ठूलो नोक्सानीको सामना गर्नुपरेको छ।' उनले भारतको मदरासबाट मदरासी(चिनिचम्पा) जातका केराको बीउ ल्याएर लगाएका थिए।

यही असोज ११ र १२ गते वर्षासँगै आएको बाढीले केराखेती कटान गरेर लानुका साथै पानी जमेकाले केरा सुक्न थालेको उनले बताए। बाढीका कारणले सुनसरी सदरमुकाम इनरुवासहित जिल्लामा ५० हेक्टर क्षेत्रफल केरा खेती नष्ट भएको तथ्याङक प्राप्त भएको कृषि ज्ञान केन्द्र इनरुवा सुनसरीका प्रमुख निलकमल सिंहले जानकारी दिए। बाढीले रु ५० लाख बराबरको केरा खेतीमा क्षति भएको उनले बताए। बाढीले सुनसरी सदरमुकाम इनरुवासहित भोक्राहा, हरिनगर, देवानगन्ज गाउँपालिकामा लगाएको केरा खेतीमा क्षति भएको छ। हावाहुरीका कारण क्षति पुगेको केराखेतीमा सरकारले क्षतिपूर्तिबापत सहयोग गर्नुपर्ने स्थानीय किसानले बताएका छन्।

यसवर्ष केरा खेतीमा दैवीप्रकोपले ठूलो नोक्सानी पुऱ्याएका कारण बजारमा केरा अभाव हुनसक्ने आँकलन गरिएको छ भने मूल्य बढ्ने आँकलन गरिएको छ। सुनसरीमा पाँच सय १० हेक्टर क्षेत्रफलमा केराखेती हुँदैआएको छ।

# पूर्वराजाको दशैं सन्देश : बाह्य दबाब र दुष्प्रभाव नबढोस्

काठमाडौं, २३ असोज। भुटानको भ्रमणबाट फर्कनेबित्तिकै पूर्वराजा ज्ञानेन्द्र शाहले राजनीतिक महत्वको दशैं शुभकामना दिएका छन्। श्री ५ महाराजधिराजको तर्फबाट भनिएको लिखित शुभकामना सन्देशमा बडादशैंको शुभकामनासँगै उनले राजनीतिक सन्देशहरु पनि प्रवाह गरेका हुन्। जनताको जीवनमा परिवर्तन आओस् भनेर आफूले दरबार छाडे पनि स्वदेशमै बसेको तर परिवर्तन नआएको भन्दै शाहले क्षोभ प्रकट गरेका छन्। उनले उल्टै बाह्य दबाब र दुष्प्रभाव बढेको भन्दै आपत्ति जनाएका छन्। 'खुसी हुन र रमाउन दशैं नै पर्खनुपर्ने नियतिबाट मुक्त भएर बाह्रै महिना सबै दिन नेपालीले खुसी र सुख प्राप्त गरेको हेर्ने हाम्रो चाहना पूरा हुन नसक्दा हामीलाई दुःख लाग्नु स्वभाविक हो,' शाहले बुधबार जारी गरेको वक्तव्यमा भनिएको छ, 'जनताको जीवनमा सकारात्मक परिवर्तन ल्याउन जस्तोसुकै त्याग गर्न पनि तत्पर रहने शाहवंशीय परम्पराको यथोचित पालना गर्दै हामीले नारायणहिटी दरवार छोडेका थियौं।

# २१ लाख रुपैयाँभन्दा बढीको भन्सार छलीका कपडा बरामद

वीरगन्ज, २३ असोज। सशस्त्र प्रहरी बल पर्साले ठुलो परिमाणमा भन्सार छलीका कपडा बरामद गरेको छ। वीरगन्ज महानगरपालिका वडा नम्बर–१६ स्थित तीन घरमा छापामारी सशस्त्र प्रहरीले २१ लाख रुपैयाँभन्दा बढीको कपडा बरामद गरेको हो। महानगरपालिकाको नगवास्थित तीन घरमा छापामारी भण्डारण गरी राखिएका भन्सार छलीका सामान बरामद भएको सशस्त्र प्रहरी नायब उपरीक्षक सुरज रिजालले बताए। उनका अनुसार सशस्त्र प्रहरीलाई भन्सार छली गरेर सामान राखिएको सूचना आएको थियो। त्यही सूचनालाई पछ्याउँदै जाँदा तीन घरबाट २१ लाख २१ हजार ८ सयको भन्सार छलीका कपडा बरामद भएको उनले बताए।

तीनवटै घरबाट सशस्त्र प्रहरीले खास गरी सर्टिङ, सुटिङ तथा रेडिमेट कपडाहरू बरामद गरेको सशस्त्र प्रहरी बल पर्साले जानकारी दिएको छ। बरामद सबै सामान थप कारबाहीका लागि वीरगन्ज भन्सार कार्यालयमा बुझाइएको सशस्त्र प्रहरीले जनाएको छ।

# सुनसरीमा दसैंमा घर छोड्नुपरे प्रहरीले सुरक्षा दिने

सुनसरी, २३ असोज। दसैंमा घर छाडेर माइत, मामल र आफन्तको जाँदा प्रहरीलाई खबर गरेर गए प्रहरीले सुरक्षा प्रदान गर्ने भएको छ। दसैंमा घर छाडेर अन्यत्र जाँदा चोरी डकैती हुने भएकाले प्रहरीलाई खबर गरेर गए जिल्लाबासीको धन सम्पत्तिको सुरक्षा प्रहरीले गरिदिने सुनसरीका प्रहरी प्रमुख एसपी सुमन कुमार तिम्सिनाले बताए। लामो समय घर छाडेर जाँदा चोरी डकैतीमा संलग्न ब्यक्तिहरूले घरमा प्रवेश गरी डकैती गर्ने भएकाले सुनसरी प्रहरीले दसैं विशेष सुरक्षा प्रदान गरी जिल्लाबासीको सम्पत्तिको सुरक्षा गर्ने ब्यवस्था गरिएको एसपी तिम्सिनाले बताए। १२ वटा पालिका रहेको सुनसरीमा धरान, तरहरा, इटहरी, इनरुवा, झुम्का, दुहबी, चक्रघट्टी, लौकही, भ्यान्टाबारी, हरिनगरा, चादबेला, चतरा, प्रकासपुरलगायतका मुख्य बजारहरूमा प्रहरीको विशेष टोली परिचालन गरिएको जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रवक्ता डीएसपी रामप्रसाद तिमल्सिनाले जानकारी दिए। उनले दसैंमा घर छाडेर आफन्तकोमा जादा प्रहारीलाई जानकारी गराएको खण्डमा उनीहरूको घरमा प्रहरीले चैबिसै घण्टा निगरानी गरी सुरक्षा ब्यवस्था गर्ने बताए। दसैं मनाउँदा बाहिर हिंडडुल गर्दा प्रदर्शन गर्नेगरी गरगहना नलगाउन पनि सर्वसाधारणलाइ आग्रह गरिएको डीएसपी तिमल्सिनाले आग्रह गरे।

## दशैं बिदामा...

दाङ २७ असोज, वीरगञ्ज २४ र २८, चारआली २४ र २८ तथा दिपायल शाखा आवश्यकता अनुसार खुला हुने निगमले जनाएको छ।

# विश्व बैंकले नेपाललाई विपद् प्रतिरोध क्षमता विकास गर्न झन्डै २० अर्ब रुपैयाँ ऋण दिने

काठमाडौं, २३ असोज। विश्व बैंकले नेपाललाई विपद् प्रतिरोध तथा यससम्बन्धी क्षमता विकास गर्न १५ करोड अमेरिकी डलर अर्थात् झन्डै २० अर्ब रुपैयाँ ऋण दिने भएको छ। बैंकको कार्यकारी निर्देशक बोर्डले नेपाल सरकारलाई प्राकृतिक वा जलवायुजन्य विपद् तथा आपत्कालको अवस्थामा उपयोग गर्न सहुलियत ऋण स्वीकृत गरेको हो। नेपाल विपद् प्रतिरोधात्मक विकास नीति ऋण नामक यस कार्यक्रमले विपद् प्रतिरोधात्मक क्षमता बढाउन नीतिगत सुधारलाई सहयोग गर्ने र प्रभावकारी आपत्कालीन प्रतिकार्यका लागि संस्थागत संयन्त्रलाई सुदृढ बनाउने उद्देश्य राखेको छ।

यो सहयोगले पूर्वसूचना प्रणालीलाई सुधार गर्ने, जोखिम न्यूनीकरणका लागि नीति, संस्था र नियामक संरचना निर्माण गर्ने र सार्वजनिक स्वास्थ्य आपत्कालीन तयारीलाई थप मजबुत पार्न मद्दत गर्ने विश्व बैंकले जनाएको छ। –एजेन्सी


## नेपालको संबिधानका मुख्य विशेषताहरू

- जननिर्वाचित संबिधानसभाबाट जारी भएको पहिलो संविधान,
- सार्वभौमसत्ता एवम् राजकीय सत्ता नेपाली जनतामा निहित,
- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था,
- संसदीय शासन प्रणाली, स्वतन्त्र न्यायपालिका,
- धर्मनिरपेक्षता तथा समावेशीकरणको सिद्धान्तलाई आत्मसात,
- आवधिक, प्रत्यक्ष र समानुपातिकसहितको मिश्रित निर्वाचन प्रणाली,
- मानव अधिकार र विधिको शासनको प्रत्याभूति,
- संबिधानवाद एवम् लोकतान्त्रिक मुल्यमान्यतामा आधारित।

नेपाल सरकार
विज्ञापन बोर्ड


मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादव, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक**
**कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)